# त्रियुगा नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम बक्तव्य

त्रियुगा नगरपालिकाको एघारौं नगरसभाका सभाअध्यक्ष तथा नगर उपप्रमुखज्यू,

नगरसभाका सदस्यज्यूहरू,

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको दोश्रो आवधिक निर्वाचनबाट निर्बाचित भई **"त्रियुगा नगरपालिकाको गति - समावेशी विकास, सुशासन र समृध्दि"** को संकल्पलाई पुरा गर्ने हाम्रो अभियानको एक वर्ष व्यतित भएको छ । यो संकल्प पुरा गर्नका लागि साथसहयोग, भरोसा, विश्वास र सल्लाह सुझाव दिनु भएकोमा सर्वप्रथम त्रियुगा नगरवासीमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । र, त्रियुगा नगरपालिकाको यो एघारौं नगरसभामा नगर प्रमुखको गहन जिम्मेवारी बोध गर्दै आ.व. २०८०/८१ को नीति कार्यक्रम प्रस्तुत गरिरहेको छु ।

२. यस अवसरमा सामाजिक न्याय, समानताको लागि, प्रजातन्त्र/लोकतन्त्र प्राप्ति र लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि बिभिन्न कालखण्डमा भएका जनआन्दोलनलाई स्मरण गर्न चाहन्छु । नागरिक हक प्राप्ति राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहिदहरु प्रति हार्दिक सम्मान र श्रध्दासुमन अर्पण गर्दछु । साथै, शहिद परिवार, घाईते र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौं योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारको नीति तथा कार्यक्रम, दीगो विकास लक्ष्य, संघीय र प्रदेश सरकारको बजेट बक्तव्य, संघीय तथा प्रदेशले जारी गरेका नीति कानूनहरु तथा मापदण्डहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु विकासका अन्तरसम्बन्धित बिषयहरु र नगरसभाका सदस्यहरुले दिनु भएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । साथै, जिल्ला र नगरस्थित राजनीतिक दल, संघसंस्था, समाजसेवी र त्रियुगा नगरवासी आमा-बुवा, दिदी-बहिनी, दाजु-भाइहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

**सभाध्यक्ष महोदय,**

४. "समुन्नत त्रियुगा नगर, सवल स्थानीय सरकार" मूलभूत सिद्धान्तलाई अङ्गिकार गर्दै ९ वटा पक्षहरुलाई केन्द्र बिन्दुमा राखेर यो एघारौं सम्मानित नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेको छु, उक्त पक्षहरु यसप्रकार रहेकोछः

- त्रियुगा नगरवासीको सम्मानयुक्त जीवनयापन
- असल शासन, पारदर्शिता र जबाफदेहिता
- सरल,सहज, छिटो र प्रभावकारी सेवा प्रवाह
- नीतिगत तथा संस्थागत क्षमता विकास
- स्रोतसाधनको समुचित व्यवस्थापन
- सामाजिक रुपान्तरण
- समन्वय, सहकार्य र साझेदारी
- तथ्य र तथ्याङ्कमा आधारित नीति, कार्यक्रम र बजेट
- सूचना प्रविधिको प्रयोग

**सभाध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु**

**५. अव म आगामी आ.व. २०८०।०८१ को विषयगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

**१.आर्थिक विकास**

**१.१ कृषि क्षेत्र –**

**"व्यवसायमूलक कृषिः किसानको समृद्धि" भन्ने अभियान अन्तर्गत निम्न नीति अख्तियार गरी कार्यक्रमहरु सञ्चालन गरिनेछः**

- कृषि उत्पादनलाई विशिष्टिकरण गर्न सम्भाव्यताको आधारमा एक कृषक एक उत्पादनलाई प्रवर्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- एकीकृत कृषि उत्पादन प्रणाली अन्तर्गत सहकारी खेती, करार खेती, सामुदायिक खेती र चक्लाबन्दी खेती मार्फत कृषि उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

- साना तथा व्यवसायिक कृषकहरुका स्थानीय उत्पादनहरु विक्री, वजारीकरण तथा संकलन गर्नका लागि वडा वडामा ग्रामिण कृषि उपज संकलन केन्द्र भवन तथा टहराहरु संचालनमा ल्याईने छ।
- सम्भावित क्षेत्रको अध्ययन गरी कृषि सिकाई केन्द्र स्थापना गरिनेछ ।
- कृषि अध्ययन गर्न चाहाने गरिव तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रावृति कोष स्थापना गरी संचालन गरिनेछ ।
- कृषि विज्ञको रुपमा कृषि स्नाताकबाट सेवा दिने कार्यलाई निरन्तरता दिईनेछ ।
- सबै वडामा कृषि तथा पशु सेवा प्राविधिक जनशक्ति व्यवस्थापन साथै ज्ञान तथा सिकाई केन्द्रको स्थापना र संचालनको लागि आवश्यक तयारी तथा कार्यान्वयन गरिनेछ।
- त्रियुगा नगरपालिकामा फुड फेस्टिवल कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषक कल सेन्टरको व्यवस्था गरी साना कृषकका कृषि सम्बन्धि समस्याहरु सुन्ने र समाधान गर्न सहज वनाईनेछ।
- मौसमी तथा बेमौसमी व्यवसायिक कृषिलाई टेवा पुऱ्याउदै कृषि व्यवसायलाई उद्योगको रुपमा संचालन गर्न उत्प्रेरित गरिने छ।
- साना तथा व्यवसायिक कृषकहरुको स्थानीय उत्पादन अण्डी धानलाई उत्पादन प्रोत्साहन र ब्राण्डिङ्ग गरिनेछ ।
- नगर अर्थतन्त्रमा कृषिको योगदान अभिवृद्धि गर्न खेतीयोग्य भूमिलाई प्राथमिकीकरण र पहिचान गर्दै नवीनतम कृषि प्रविधि सहितको मर्यादित पेशाको रुपमा कृषिलाई स्थापित गर्दै कृषि कार्यलाई यान्त्रिकरण, आधुनिकीकरण, व्यावसायीकरण र औद्योगीकरण गराउन पहल गरिने छ।
- कृषि पर्यटन क्षेत्रको एकीकृत विकासलाई प्राकृतिक श्रोतसाधन केन्द्रित बनाउदै यिनको विकास, संरक्षण, सम्बर्धन र महत्तम उपयोग सुनिश्चित गर्ने, दीगो विकास, पारिस्थितिक पद्दति संरक्षण, विपद व्यवस्थापन, पर्यावरणीय स्वच्छता कायम गर्दै मौमसी चक्र, जलवायु परिवर्तनलाई अनुकूलन गर्दै स्वच्छ, सफा, व्यवस्थित वातावरणमैत्री हरित नगर निर्माणमा सहयोग पुऱ्याउने लक्ष्य लिईएको छ।
- निजी क्षेत्रसंग लागत साझेदारीमा उर्जा, कृषि फोहर मैला व्यवस्थापन, सौर्य उर्जा, आवास गृहको निर्माण गरिनेछ।

- बाँझो जमिनको उपयोग सम्बन्धमा अभिलेख संकलन गरी उक्त जमिनमा खेती गर्ने प्रणालीलाई प्रोत्साहित गरिने छ। र, बाँझो जमिन राख्नेहरुलाई निरुत्साहित गर्ने कार्यक्रम तय गरिने छ।प्राकृतिक प्रकोप तथा कृषिजन्य रोगका कारण कृषि वालीमा हुने क्षतिलाई परिपुरण गर्न **कृषि बीमा** कार्यक्रम लागू गर्ने व्यवस्था मिलाइने छ ।
- कृषिलाई मर्यादित पेशाका रुपमा स्थापित गराई युवालाई व्यवसायिक कृषि कार्यमा संलग्न हुन उत्प्रेरणा प्रदान गरिनेछ । वित्तीय संस्थाहरुको कृषि कार्यमा लगानी तथा सहुलियतपूर्ण कर्जामा आवद्ध हुन सहयोग गरिनेछ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई आर्जित सीप, अनुभव र पूँजीलाई व्यवसायिक कृषि उन्नत पशुपालन तर्फ आकर्षित हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकल महिलाद्धारा संचालित कृषि फर्म तथा कृषि उत्पादनमूलक कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- आर्थिक रुपले अति विपन्न,श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिइनेछ ।
- कृषि उत्पादनलाई विशिष्टिकरण गर्न सम्भाव्यताका आधारमा **एक वडा एक उत्पादन कार्यक्रम** लागू गरिनेछ । यसका लागि कृषि ज्ञान केन्द्र तथा स्थानीय उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ ।

## १.२ पशुपंक्षी क्षेत्र

- पशुपन्छी पालन ब्यवसायलाई ब्यवसायिकरण, आधुनिकीकरण, विविधिकरण र यान्त्रिकरण गरी रोजगारी सृजना गर्ने र सम्मानित पेशाको रूपमा विकास गरिनेछ ।
- कृषक कल सेन्टरको स्थापना गरी कृषकको गोठ खोरमा प्राविधिक सेवा कार्यक्रम सञ्चालन गरिने छ ।
- पशुपक्षी पालन पकेट क्षेत्रको स्थापना गरी पशुपन्छि श्रोतकेन्दको रूपमा विकास गर्ने साथै पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादन दुध, फूल, मासुको उत्पादनमा वृद्धि गरिनेछ।
- बाँझो रहेको तथा कबुलियति बनमार्फत घाँस खेति कार्यक्रम लागू गरी घाँसको श्रोत केन्द्र स्थापना गर्न प्रोत्सहान सोरूप अनुदानको ब्यवस्था गरिने छ ।
- **स्वास्थ्य पशु स्वास्थ्य पशुजन्य उत्पादन** अनुरूप प्रत्येक वडामा पशु स्वास्थ्य शिविर तथा औषधी ब्यवस्थापन गरिने छ ।
- स्थानीय कुखुरा प्रवर्धनको लागि ह्याचरी स्थापना गर्ने प्रोत्साहन गरिनेछ ।

- पशुपन्छी मृत्यु दर न्यून गर्न, कृषकको पशुधन सुरक्षा गर्न उपचार तथा प्रयोगशाला सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- पशुपन्छी पालन ब्यवसायलाई रोगको जोखिमबाट न्यूनिकरण गर्नको लागि पशुपन्छीमा लाग्ने विभिन्न रोग विरूद्धको खोप सेवा सञ्चालन गरिनेछ ।
- ब्यवसायिक पशुपालन क्षेत्रमा युवाको आकर्षण बढाउन, पुराना फार्मको सुरक्षा तथा मर्मत सुधार तथा नयाँ फर्म स्थापना र विस्तारको लागि लागत साझेदारीमा फार्म प्रवर्द्धन कार्यक्रम (बाख्रा, गाई, भैसी, बंगुर, कुखुरा, माछा) लाई निरन्तरता दिइनेछ ।
- रेविज रोग नियन्त्रणको लागि पोथि कुकुर बन्ध्याकरण तथा रेविज खोप ब्यवस्थापन कार्यक्रम सञ्चालनमा लयाइनेछ ।
- पशुपन्छी पालन ब्यवसायको जोखिम न्यूनिकरण गरि कृषकहरूको ब्यवसाय प्रतिको आकर्षण वढाउन पशुपन्छी विमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक अवस्था कमजोर भएका र रोजगारी नभएका विपन्न परिवारहरूको जिविकोपार्जनको लागि निर्वाहमुखि पशुपन्छी पालन कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- प्रयोशाला सेवाको विस्तार गरिनेछ ।
- माछा/मासुको गुणस्तर परीक्षणको व्यवस्था मिलाई सफा एवं स्वस्थकर माछा/मासु उपभोक्तालाई उपलब्धत हुने आवश्यक व्यवस्था मिलाउँदै लगिनेछ ।
- व्यवसायिक पशुपालक कृषकहरुलाई आवश्यक हिउंदे, वर्षे र बहुवर्षे घाँस लगाउन प्रोत्साहन गरिनेछ साथै त्यस्ता घाँसका विऊ सहज वितरणको व्यवस्था मिलाईनेछ ।
- नगरको विभिन्न क्षेत्रमा पशु स्वास्थ्य शिविरको संचालन गरी निःशुल्क पशु स्वास्थ्य जाँच तथा औषधी वितरणको व्यवस्था मिलाईनेछ ।
- कृत्रिम गर्भाधारण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपमा संचालन गर्दै लगिनेछ।

### १.३ सहकारी क्षेत्र

- सहकारी सस्थाहरुको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, वित्तीय साक्षारता तालिमको व्यवस्था मिलाईनेछ ।
- सहकारी संस्थाहरूमा सुशासन कायम गरी सघन अनुगमन एव नियमनलाई प्रभावकारी वनाईनेछ।
- सहकारी पूँजीलाई कृषि, गैरकृषि, लघु उद्यम विकासका उत्पादनमूलक क्षेत्रहरुमा लगानी गर्नमा प्रोत्साहन गरिनेछ।

- स्थानीय उत्पादन तथा अत्यावश्यक वस्तुहरूको आपूर्ति, कृषिजन्य वस्तु, मल, विउ, यन्त्र, उपकरण सहकारी संघसंस्था मार्फत बिक्री वितरण गर्ने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

**१.४ पर्यटन क्षेत्र ("मौलिक कला र संस्कृतिः- आन्तरिक पर्यटनबाट समृद्धि")**

- त्रियुगा नगरको विशिष्ट धार्मिक, साँस्कृतिक, पुरातात्विक ऐतिहासिक, प्राकृतिक शौन्दर्य र त्रियुगा सभ्यताको खोज एव अनुसन्धान गरी नेपाल र छिमेकी मुलुकहरुको पर्यटन बजारमा प्रवर्द्धन गरिनेछ ।
- नगर भित्र रहेका धार्मिक, साँस्कृतिक ऐतिहासिक र प्राकृतिक पूर्वाधारहरुको जिर्णोद्वार, विकास र प्रर्वद्धन गरिनेछ ।
- पर्यटकीय स्थलहरूको एकीकृत विकासको लागि पर्यटन गुरूयोजनाको निर्माण एव सम्भावित पर्यटकीय स्थलहरुको विकासको लागि विस्तृत परियोजना अध्ययन प्रतिवेदन तयार गरी सम्वन्धित निकायहरुमा वजेट व्यवस्थाको लागि पहल गरिनेछ ।
- धार्मिक तथा पर्यटकीय स्थलहरूको बृत्तचित्र निर्माण गरी संचार माध्यम तथा अनलाईन संचारको माध्यमबाट प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षित गरिनेछ ।

**१.५ उद्यमशीलता** प्रवर्द्धन **र रोजगारी**

- **"सीप सिकौं उद्यमी बनौः घरघरमा रोजगार बनौं"** अभियानलाई साकार दिन स्थानीय कच्चापदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रमहरु सचालन गरिनेछ ।
- रोजगार रणनीति २०८० यसै नगर सभाबाट स्वीकृत गरी सो रणनीति बमोजिम बहुआयामिक क्षेत्रहरुमा रोजगार सृजना गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा अन्यौलतामा भौतारिएका ब्यक्तिहरुको लागि उनीहरुले सिकेको सीप, हासिल गरेको अनुभव तथा क्षमताको आधारमा सीप तालिमको प्रबन्ध गरी उद्यम/व्यवसाय गर्न पुनःएकिकरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै, स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यवसाय, उद्योग, कृषि, भौतिक पुर्वाधार लगायतका क्षेत्र र प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

- बैदेशिक रोजगारको क्रममा ज्यान गुमाएको परिवारलाई उच्च प्राथमिकतामा राखि जिविकोपार्जन गतिविधि संचालन गरिनेछ ।
- गरिवी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिंदै महिला, दलित तथा विपन्न परिवारलाई रोजगारीको श्रृजना गरिनेछ ।
- दलित समुदायको परम्परागत पेशा,ज्ञान, सीपको अभिवृद्धि गर्दै प्रविधि हस्तान्तरण गरि रोजगारी सृजना गरिनेछ ।
- विदेश पलायन हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि, पशुपालन व्यवसाय तथा अन्य रोजगारीका अवसर उपलब्ध गराउने, गैर सरकारी संघ-संस्थाहरुको समन्वय, सहकार्य र लागत साँझेदारीमा युवा लक्षित सीप विकास तथा व्यवसायिक तालिमहरु सञ्चालन गरिनेछ ।
- आप्रवासन सूचना केन्द्रलाई प्रभावकारी रुपमा व्यवस्थित गरी वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाईने छ ।
- विभिन्न प्रकारका सम्भाव्य उद्योग तथा व्यवसाय विकास एवं विस्तार गरी नगर क्षेत्रमा उत्पादकत्व, उत्पादन, रोजगार र आय आर्जनका अवसरहरूलाई अधिकतम उपयोग गरिनेछ ।
- **एक वडाः एक विशिष्ट उत्पादन** अवधारणा कार्यान्वयन गरी औद्योगिक मेला/प्रदर्शनी मार्फत उत्पादित वस्तुहरुको बजारीकरण, प्रचारप्रसार गरिनेछ ।
- सगरमाथा तरकारी बजारको सुविधा विस्तार तथा व्यवस्थापकीय क्षमता अभिवृद्धी गरिनेछ र त्रियुगा बसपार्क पूर्व कृषि तथा फलफूल बजार व्यवस्था गरी कृषि उद्यमीहरुले उत्पादन मूल्य पाउने व्यवस्था सुनिश्चित गरिनेछ ।
- **एक स्थानीय तह एक औद्यौगिक ग्राम** नीति वमोजिम नगरपालिका क्षेत्रमा औद्योगिक ग्राम स्थापनाको लागि उपयुक्त स्थानको छनौट गरी औद्योगिक ग्राम स्थापनाका लागि आवश?यक पर्ने पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।
- कार्यालयहरू र नगरवासीमा स्थानीय उद्यमीहरुबाट उत्पादित वस्तु/सामानहरुको प्रयोग गर्नका लागि प्रोत्साहित गरिनेछ।
- त्रि.न.पा-१६, सुकौरामा सिमेन्टको नयाँ प्लान्ट स्थापना गर्न पहल गरिनेछ ।
- त्रि.न.पा-१४, बाझँगरामा भएको गिटिको ल्याव टेष्ट गरिने साथै अन्य स्थानमा भएको खनिज श्रोतसाधनको खोजि, सम्भाव्यता अध्ययन गरिनेछ।

## २ सामाजिक विकास

### २.१ शिक्षा युवा तथा खेलकुद

- **त्रियुगा नगरको शिक्षाः सिकाई केन्द्रित विद्यालय, जागरुक अभिभावक, उत्प्रेरित शिक्षक, सवल नेतृत्व र व्यवस्थापनका साथ जवाफदेही शिक्षा प्रणाली हुनेछ, यसका लागि देहायमा उल्लिखित नीतिलाई अवलम्वन एवं निरन्तरता दिईनेछ ।**
- माध्यामिक तहसम्मको शैक्षिक गुणस्तर सुधारको लागि योजनावद्ध रुपमा शैक्षिक विकासको कार्यक्रमहरु संचालन गर्न आवश्यक भएकोले त्रियुगा नगर शैक्षिक सुधार तथा विकास गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयहरुको पठनपाठनमा सूचकमा आधारित शैक्षिक गुणस्तर मापन कार्य निरन्तर रुपमा गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको पूर्वाधार निर्माणमा सुधार गरी वालमैत्री कक्षा कोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, इन्टरनेट सुविधा, आईसीटी ल्याब, स्वच्छ पिउने पानीको व्यवस्था, छात्र-छात्रा शौचालय, स्यानिटरी प्याडको व्यवस्था, खेलमैदान, पुस्तकालय निर्माणमा प्राथमिकता दिइनेछ ।
- नगरक्षेत्र भित्रका सबै आधारभुत विद्यालयहरुलाई कार्य सम्पादनमा सहजता ल्याउन विद्युतीय उपकरण (कम्प्युटर, प्रिन्टर आदि) को व्यवस्था गरिनेछ ।
- उच्च शिक्षा अध्ययनमा छात्रावृति सहयोगको लागि शैक्षिक छात्रवृत्ती कोष स्थापना गरिएको छ र यसलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
- कक्षा ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भई पुस्तक छाप्ने कार्य भईरहेको छ । आगामी साउन महिना देखि सबै विद्यालयहरुमा पाठ्यपुस्तक उपलव्ध भई स्थानीय पाठ्यक्रमको सिकाई निरन्तर रुपमा सञ्चालन र समसामयिक परिमार्जन गर्दै लगिनेछ ।
- शिक्षाक्षेत्रमा गुणस्तरीय बिकासको लागि नगरक्षेत्रमा आवसिय विद्यालय संचालनका लागि आवश्यक पहल गरिनेछ ।
- संस्थागत विद्यालयले लिने शुल्क सम्बन्धी अभिभावकको गुनासोलाई ख्याल गर्दै नगरपालिकाबाटै शुल्क निर्धारण गरिने र संस्थागत विद्यालयलाई थप नियमन गर्न पहल गरिनेछ ।

- संस्थागत विद्यालयमा अध्ययनरत कूल विद्यार्थी संख्याको १० प्रतिशत गरीब, अल्पसंख्यक, सिमान्तकृत विद्यार्थीहरुलाई निःशुल्क (भर्ना र मासिक शुल्क) रुपमा अध्ययन सुविधा गर्नु पर्ने प्रबन्ध मिलाईनेछ ।
- विद्यालयमा सुशासन कायम गर्न सूचकमा आधारित प्रभावकारी अनुगमन, संयुक्त अनुगमन गरिनेछ ।
- कक्षा ५ र कक्षा ८ को परीक्षालाई नगरस्तरीय परीक्षाको रुपमा निरन्तरता दिईनेछ।
- सबै विद्यालयहरुमा लैङ्गिक फोकल पर्सन शिक्षक सहित विद्यालयमा हुने हिंसाको गतिविधि न्युनिकरण गरिनेछ । विद्यालयमा मनोसामाजिक परामर्श सेवामा जोड दिईनेछ ।
- स्विस सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा हेल्भेटास नेपाल मार्फत संचालित ईन्स्योर परियोजनाको भावि वृति छनौटमा सहयोग पुग्ने कार्यक्रमको सकारात्मक प्रभावलाई सबै विद्यालयमा कार्यान्वयन गरिनेछ ।
- सामुदायिक विद्यालयहरूका वालक्लवहरूलाई अझ प्रभावकारी वनाई शैक्षिक सुधारको सहयोगीको रूपमा विकास गरिनेछ ।
- विद्यालयमा शिक्षकको नियमित हाजिरीलाई प्रविधिमैत्री वनाउन विद्युतीय हाजिरीको जडान गरिनेछ र सो को अनुगमनको व्यवस्था मिलाइनेछ ।
- स्थानीय कला, भाषा, संस्कृति सम्वर्द्धनको लागि मातृभाषामा पठनपाठन गर्ने व्यवस्थाको लाग स्थानीय स्तरमा पाठ्यक्रम तयार गरिनेछ ।
- नगर क्षेत्रभित्रका विद्यालयहरूमा अध्ययनरत वालवालिकाहरूको अन्तरनिहित क्षमता प्रष्फुटनका लागि नगरस्तरीय अतिरिक्त कृयाकलाप संचालन गरिनेछ ।
- नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई पुरस्कार तथा सम्मानको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरूको सघन अनुगमन कार्यलाई नियमित र प्रभावकारी तुल्याइनेछ । यस कार्यक्रममा आवश्यकता अनुसार सरोकारवाला र विज्ञको समेत सहयोग लिइनेछ।
- नमुना विद्यालयक लागि बालमैत्रीपूर्ण व्यबहार, हरित वातावरणमैत्री, प्रविधियुक्त, पर्याप्त विषयगत शिक्षकहरू, सूचना प्रविधिमैत्री, खेल मैदान भएको सुविधासम्पन्न विद्यालयको रुपमा स्तरवृद्धि गरिनेछ ।

- सामुदायिक विद्यालयमा अध्ययनरत दलित, उत्पीडित, असहाय, सीमान्तकृत, बैदेशिक रोजगारमा गई अभिभावक गुमाएका वालवालिका, आर्थिक अवस्था कमजोर भएका अल्पसंख्यक तथा जेहन्दार विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यार्थी संख्याका अनुपातमा शिक्षक दरबन्दी मिलान एव विद्यालयहरु एक अर्कोमा गाभिने छ ।
- एक स्थानीय तह एक नमुना पुस्तकालय अन्तर्गत संगम सामुदायिक पुस्तकालय प्रवर्धनको लागि सहकार्य गरिनेछ ।
- युवाको सीप, ज्ञान र क्षमतालाई नगर विकास एवं कार्यदक्षता अभिवृद्धिमा प्रयोग गरिनेछ।
- विद्यालयहरुको भवन लगायतका भौतिक पूर्वाधार निर्माण एव मर्मत सुधार गरिनेछ ।
- विद्यार्थीहरुको लागि सम्मानित पेशा एव वृतिमार्ग सिकाईको साथै वार्षिक रुमपा सिकाई मेलाको आयोजना गरिनेछ ।
- युवाहरुको रोजाईमा जिवीकोपार्जन सम्वन्धीको स्वरोजगार सीप एवं तालिमको व्यवस्थाको लागि संघ/संस्था, टोल विकास संस्थाहरुसँग साझेदारी समेत गरिनेछ ।
- नगरको विभिन्न स्थानहरुमा खुला व्यायमशाला स्थापना गरिनेछ ।
- लागू औषध विरुद्धको युवा लक्षित कार्यक्रम अन्तर्गत पुनर्स्थापन केन्द्र संचालन गरिनेछ ।
- नगर खेलकुदको विकासको लागि संघीय र प्रदेश सरकारको समन्वय र सहकार्यमा थरुहट रगशाला निर्माण कार्यलाई सम्पन्न गर्ने पहल गरिनेछ ।
- क्रिकेट खेलको विकासमा सहयोग पुऱ्याउन क्रिकेट खेल मैदानको लागि उपयुक्त जग्गाको व्यवस्थापन गरी क्यानसंगको खेल मैदानको निर्माण शुरुवात गरिनेछ ।
- नगर खेलकुद विकास समितिलाई क्रियाशिल वनाई अन्तर नगर खेलकुद कार्यक्रमहरुको आयोजना गरिनेछ ।
- प्रशिक्षक खेलाडीको सहयोगमा नगर क्षेत्र भित्र विभिन्न विधाका सम्भावित खेलाडीहरुको विकासको लागि प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।
- त्रियुगा नगरलाई खेलकुद पर्यटनको रुपमा विकास गरिनेछ ।
- एन्फासंगको सहकार्यमा २० वर्ष मुनि उमेर समुहको लागि फुटवल एकेडेमी संचालन गरिनेछ।
- एक वडाः एक खेल मैदान कार्यक्रम शुरुवात गरिनेछ ।

## २.२ स्वास्थ्य

- सबै वडाहरुमा स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य केन्द्रहरुमा क्रमशः सुविधा सम्पन्न वर्थिङ्ग सेन्टर निर्माण तथा विस्तार गर्दै लगिनेछ । साथै सबै स्वास्थ्य संस्थाहरुमा एम्वुलेन्सको व्यवस्था गरिनेछ ।
- त्रियुगा नगरपालिका अन्तरगतका गर्भवती महिलाहरुलाई जटिलता भई प्रसुती सेवाको लागि प्रेषण गर्नु पर्दा निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।
- सुरक्षित मातृत्व नगरको अवधारणा अनुरुप गर्भवती महिलालाई भिडियो एक्सरे सेवा, क्याल्सियम चक्की र फोलिक एसिड चक्की तथा सुत्केरी महिलाको लागि निःशुल्क डेलिभरी प्याडको व्यवस्था मिलाईनेछ ।
- नियमित खोप सेवालाई थप प्रभावकारी बनाई बालबालिकाको खोप सम्वन्धी अधिकारलाई सुनिश्चित गरिनेछ ।
- त्रियुगा नगरपालिका वडा न. ३ भुल्केमा रहेको सर्पदंश उपचार केन्द्रको प्रभावकारी सञ्चालनको न्यूनतम सेवासुविधा व्यवस्था मिलाईनेछ ।
- कोभिड विरुद्धको खोपको व्यवस्थापन गरी सबै नगरबासीलाई खोपको सुविधा उपलब्ध गराइनेछ।
- वडा नं. ५ मा रहेको स्वास्थ्य चौकी देउरीलाई आधारभूत अस्पतालको रूपमा स्तरोन्नती गरी नगरबासीलाई आधारभूत अस्पतालबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई अगाडी बढाइनेछ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा प्रयोग हुने अति आवश्यक औषधी तथा औजार उपकरण र थप स्वास्थ्यकर्मी व्यवस्थापनको लागि आवश्यक बजेट व्यबस्थापन गरिने छ ।
- यस नगरपालिकाको १६ बटै वडामा रहेका जेष्ठ नागरिक तथा अपाङ्गगता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षणको लागि निशुल्क स्वास्थ्य शिविर मार्फत स्वास्थ्य परिक्षण तथा उपचार व्यबस्थापनको लागि कार्य अगाडी बढाईनेछ ।
- कुपोषणबाट ग्रसित सुनौलो हजार दिनका महिला तथा वालवालिकाहरुको लागि वहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिंदै सन्तुलित पोषण र विविधतायुक्त खानाको लागि सचेतनामूलक कार्यक्रम पोषण झोला तथा पोषिलो आहार कार्यक्रम सञ्चालन गर्दै पोषणमैत्री नगरपालिका बनाउन पहल गरिनेछ ।

- महिला स्वास्थ्य स्वयंसेविकाको सम्मानजनक विदाईको लागि आवश्यक व्यवस्था गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा तथा दक्ष जनशक्ति थप तथा आवश्यकता अनुसार तालिमको व्यवस्था गरिनेछ ।
- मनसिक स्वास्थ्य समस्या रहेका ब्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने ब्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।साथै मानसिक स्वास्थ्य कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- सरकारी तथा गैरसरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी घुम्ति स्वास्थ्य शिविरहरू संचालन गरिनेछ ।
- नगरपालिका भित्रका विभिन्न समुदायका महिलाहरूमा हुने आङ्ग खस्ने रोगको स्क्रिनिङ्ग गरी पाठेघरको रोगको निदान र उपचार तथा शल्यक्रियाको व्यवस्था मिलाइनेछ ।
- त्रियुगा नगरपालिकालाई जिरो होम डेलीभरी (Zero Home Delivery) को अवस्थामा पुर्‍याउन आवश्यक कदम चालिनेछ।
- क्षयरोग, कुष्ठरोग, औलो, कालाजार, डेंगु, र नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणमा विशेष जोड दिई आवश्यक व्यबस्था गरिनेछ ।
- किशोरीमैत्री प्रजनन् स्वास्थ्य सेवाको लागि आवश्यक स्यानेटरी प्याड भेण्डिङ मेशिन (Vending Machine) समेतको व्यवस्था गरिनेछ ।
- किशोर किशोरीमैत्री प्रजनन स्वास्थ्य सेवाका साथै जेष्ठ नागरिक जीवन सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ । त्रियुगा नगरपालिकामा उदयपुर मेडिकल कलेज स्थापनाको लागि स्थानीय स्तरमा पुर्वधार विकास गरी सम्बन्धित निकायहरुसँग समन्वय गर्दै आवश्यक पहल गरिनेछ ।
- निजि स्वास्थ्य संस्थालाई सुचिकृत गरि कुल सेवाग्राहिको १० प्रतिसत सेवागाहीलाई निःशुल्क सेवा अनिवार्य उपलब्ध गराइ मासिक प्रगति प्रतिवेदन स्वास्थ्य शाखामा बुझाउने व्यवस्था मिलाइनेछ ।

## २.३ खानेपानी तथा सरसफाई - "स्वच्छ खानेपानीः- सफा वस्ती राम्रो आनिवानी"

- यस नगरपालिका क्षेत्रभित्रका केही वडाहरूमा देखिएको खानेपानीको समस्यालाई समाधान गर्नका लागि दातृ निकाय एव संघ/संस्थासंगको सहयोगमा खानेपानी सम्वन्धीका आयोजनाहरू संचालन गर्न पहल गरिनेछ ।

- त्रियुगा साना शहरी खानेपानी आयोजना र देउरी खानेपानी आयोजनाको सुविधा विस्तार, पुनःनिर्माण र सञ्चालनमा सहयोग गरिनेछ ।
- त्रियुगा न.पावडा नं. ११,१२ र १३ मा खानेपानी सुविधाको लागि गाईघाट खानेपानी आयोजना सञ्चालन साथै खानेपानीको सुविधा नभएका वडा तथा वस्तीहरुमा खानेपानी योजना निर्माण एवम स्तरोन्नति तथा विस्तारको लागि पहल र आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- उपभोक्ताहरुवाट लागत सहभागिता तथा स-शुल्क निर्धारण गरी गुणस्तरीय खानेपानीको उपलव्धता र सो को नियमित मर्मत सम्भार गरी दिगोपना कायम गरिनेछ ।
- शौचालयको निर्माण र नियमित प्रयोग, सावुन पानीले हात धुने वानी लगायतका सरसफाईका आधारभूत कुराहरूलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि जनप्रतिनिधि र कर्मचारी र गैरसरकारी संघ/संस्थाहरूलाई परिचालन गरिनेछ ।
- खानेपानी तथा सरसफाईको कमजोर स्थितिमा रहेका अति विपन्न र दलित घर परिवारलाई शौचालय निर्माण, प्रयोग र सरसफाईका सम्वन्धमा वस्तुगत सहायता उपलव्ध गराईनेछ।
- खानेपानी समस्याको तात्कालिन समाधानको लागि आवश्यक समर्सियल पम्प तथा स्यालो ट्युवेल जडान कार्यलाई संचालन गरिनेछ ।
- खानेपानी तथा सरसफाई सम्वन्धीको वास प्रोफाईल तयार गरिनेछ ।
- पूर्ण सरसफाईलाई निरन्तरता दिई प्रत्येक घरपरिवारमा एक घर एक धारा र एक चर्पी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरुमा छात्रा र छात्रका लागि छुट्टाछुट्टै शौचालय निर्माण र खानेपानी उपलब्ध गराईनेछ।
- फोहरमैला व्यवस्थापनको लागि संघसंस्थाहरु सँग साझेदारी सहकार्य गरि प्रभावकारी रुपमा संचालन गरिनेछ ।

**२.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

- आगामी पाँचवर्ष भित्र त्रियुगा नगरपालिकालाई बालमैत्रि नगर घोषणा गरिनेछ ।
- वालवालिकाहरुको हितमा कृयाशिल संघ संस्थाहरूसंग समन्वय र सहकार्य गरी वालश्रमिक, सडक तथा अनाथ वालवालिकाहरूको उद्धार, राहत र पुन:स्थापनाको कार्यहरु गरिनेछ ।
- सडक वालवालिका मुक्त त्रियुगा नगरका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

- महिलाहरुलाई विकासको मूलप्रवाहमा ल्याउन महिला सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । महिला सुरक्षा थलो सचालन गर्ने संस्थाहरुसग समन्वय गरी हिंसामा परेका महिलाको तत्काल उद्दार, सुरक्षा तथा पुनःस्थापना सम्वन्धीको कार्यलाई प्रभावकारी रुपमा सचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- एकल महिलाहरुलाई संजालिकरण गरी एकल महिला छहारी निर्माण गरिनेछ ।
- पूर्ण अशक्त, अपाङ्गताको परिचयपत्र बनाउनको लागि चिकित्सकीय सेवा टोली सहित घरमै परिचयपत्र वितरण गरिनेछ ।
- कोशी प्रदेश, करुणा फाउण्डेशन र त्रियुगा नगरपालिकाको साझेदारीमा अपाङ्गताहरुको हकहित संरक्षण तथा प्रर्वद्धनको लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम आगामी श्रावणबाट सञ्चालन गरिनेछ।
- बालिकाहरुको विशेष संरक्षणका लागि आत्मरक्षा तालिम (Self-Defense Training) सञ्चालन गरिनेछ ।
- वाल विवाह, वालश्रम, वाल दुर्व्यवहार, दाईजो प्रथा, बोक्सीको आरोप, छूवाछुत जस्ता सामाजिक कुरीति अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरुलाई नगरपालिकाबाट सञ्चालन हुने आयोजनाहरुको उपभोक्ता समितिमा सहभागी गराउन उत्प्रेरित गरिनेछ ।
- विभिन्न प्रकारका हिंसाबाट पिडित महिलाहरूलाई तत्काल उद्धार गर्नको लागि लैंगिक हिंसा निवारण कोष सञ्चालनामा ल्याई सेवा उपलब्ध गराइनेछ ।
- हिंसामा परेका तथा वेसाहारा महिला र सडक बालबालिकाहरुको उद्धार एवम् सहायतको लागि हेल्लो उप मेयर कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको सुरक्षा, सम्मान र स्वास्थ्य परीक्षणको लागि विशेष सहयोग कार्यक्रमहरु सचालन गरिनेछ । **एक वडाः एक जेष्ठ नागरिक भेटघाट थलो** कार्यक्रम सञ्चालन गरिनेछ ।
- वडाबाट नै सम्वन्धित बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रबन्ध मिलाईनेछ।
- ज्येष्ठ नागरिकलाई लक्षित गरी निःशुल्क स्वास्थ्य शिविर संचालन तथा सम्मानको कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि पुस्तान्तर वीच अन्तरकृया कार्यक्रमहरू संचालन गरिनेछ ।

- त्रियुगा नगरपालिकाबाट संचालित योजनाहरुमा काम गर्ने मजदुरहरुको विमा गरी सुरक्षित रोजगारीको व्यवस्था गरिनेछ ।
- एकल महिलाहरूको सीप र दक्षतामा अभिबृद्धि गरी आर्थिक रूपमा सवल वनाउन सशक्तिकरणका कार्यक्रम संचालन गरिनेछ ।
- दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम तथा अल्पसंख्यकहरूको विकास र उत्थानमा सहयोगी र सशक्तिकरणका कार्यक्रमहरू संचालन गरिनेछ ।
- किशोर किशोरीका लागि व्यवहारिक र जीवनपयोगी सीप प्रदान गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- छोरी पढाउ-छोरी जोगाउ कार्यक्रम अगाडि बढाईनेछ ।
- अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुनसक्ने हिंसा अन्त्य गर्दै रोजगारी र स्वरोजगारी उन्मूख कार्यक्रम सञ्चालन गरिनेछ ।
- चालु आ.व.मा संचालित सदा समुदायको सर्वाङ्गिण विकास परियोजनाले निर्माण गरेको आधारलाई निरन्तरता दिई बाञ्छित उपलब्धी हासिल गर्नको लागि सदा समुदायको उत्थान कार्यक्रम फलोअपको रुपमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## २.५ गैर सरकारी संस्था

- नगर क्षेत्रमा सचालित गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी संस्थाहरुको अभिलेखाङ्कन गरी प्रभावकारी नियमन गरिनेछ ।
- नगर भित्र कार्यक्षेत्र रहेका गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्थाहरूको कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाईनेछ ।
- गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी नगरको प्राथमिकताका क्षेत्रहरुमा कार्यक्रम सचालन गरिनेछ ।

## २.६ भाषा, कला, साहित्य र संस्कृति प्रवर्द्धन

- त्रियुगा नगरमा बोलिने सबै भाषा, भाष्य, लिपी र कला, साहित्य र संस्कृतिको अध्ययन अनुसन्धान गरी अभिलेखीकरण गरिनेछ ।
- स्थानीय सर्जक, कला, साहित्य र संस्कृतिहरुको उत्थान एवं प्रोत्साहन गरिनेछ ।
- धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरूको खोज अनुसन्धान गरी जिर्णोद्धार, संरक्षण र निर्माणका कार्यक्रम संचालन गरिनेछ ।

- नगरभित्र परम्परादेखि चलिआएका धार्मिक एवं सांस्कृतिक मेला तथा पर्वहरूलाई संरक्षण र सम्वर्द्धनको पहल गरिनेछ ।
- लोपोन्मुख रूपमा रहेका संस्कृती तथा सम्पदाहरूको जगेर्ना र संरक्षण गर्न विशेष सहयोग र सहजिकरणका कार्यक्रम संचालन गरिनेछ ।

## ३. पूर्वाधार विकास

### ३.१ सडक तथा पुल

- त्रियुगा नगरपालिकाको गुरु योजना निर्माण गरी सो अनुसार पूर्वाधार क्षेत्रका योजनाहरु सञ्चालन गरिनेछ ।
- नगर यातायात गुरूयोजनाको निर्माण गरी नगरभित्रका सडकहरूलाई विभिन्न श्रेणीमा वर्गिकरण र प्राथमिकिकरण गरी निर्माण गरिनेछ ।
- नगर भित्रका मुख्य सहरी क्षेत्रहरुमा विश्व बैंकको सहयोगमा सडक निर्माण, स्तरोन्नती तथा विस्तार र पर्यटकीय स्थल रौता पोखरीसम्मको सडक स्तरोन्नती गर्ने कार्यलाई तिव्रता दिईनेछ ।
- नगरक्षेत्र भित्रको लागि पहाड तराई जोड्ने सामरिक महत्वको तथा रिङ्गरोड गाईघाट-बोक्से-बेलदोभान-सुकौरा-कोवाई सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- त्रियुगा-बरुवा कोरिडोर निर्माणको लागि आवश्यक अध्ययन गरी निर्माणको लागि पहल गरिनेछ।
- नगर क्षेत्रका सडकहरुको Right of Way कायम गरिनेछ र नापी एव मालपोत कार्यालयसँग समन्वय गरी सडक क्षेत्राधिकारको लागि जग्गाको लगत कायम गरिनेछ।
- पूर्वाधार निर्माणको गुणस्तर सुनिश्चितताको लागि ल्यावको स्थापना र परीक्षणको थालनी गरिनेछ।
- योजनावद्ध पूर्वाधार विकासको लागि आवश्यक्ता पहिचान गरी विस्तृत परियोजना अध्ययन, सर्वेक्षण, डिजाइन तयार गरेर मात्र ठूला आयोजनाहरुको कार्यान्वयन गरिनेछ ।
- निर्मित आयोजनाहरुको अवस्थाको सघन अनुगमन गरी नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ ।
- निश्चित मापदण्डका आधारमा नगर गौरवका आयोजनाहरूको पहिचान र सञ्चालन गरिनेछ।

- त्रियुगा नगरपालिका वडा नं. १, त्रियुगा नदि मलामीघाट-चौ.न.पा-१० ईक्राहा, लुहाले पुर्व वविया पश्चिम त्रियुगा नदिमा झोलुङ्गे पुलको सम्भावयता अध्ययन गरी निर्माण गरिनेछ । साथै लुहाले बविया पक्की पुल निर्माणको लागि DPR गरिनेछ ।
- झोलुङ्गे पुलहरुको क्रमश: विस्थापन गरी एम्वुलेन्स र दमकल आवतजावत गर्न सक्ने किसिमको लामो दुरीको पुल तथा सडक पुलहरुको निर्माण गरिनेछ ।
- नगरको पहाडी वडाहरु जोड्ने बरुवा खोला वेलदोभान, लेटाङ खोला, किरकिचे, भित्ती, बाङ्गे, चुनिया खोला र वडा नं.१ रुपनी-मदन भण्डारी राजमार्ग जोड्ने त्रियुगा नदीमा मोटरेवल पुलको DPR गरि बजेट व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- नगर गौरव योजना कार्यान्वयन गर्न DPR तयार गरिनेछ ।
- नगरका विद्युत सेवा पुग्न बाँकी रहेका वडा र वस्तीहरुमा विद्युत विस्तारको कार्य गरिनेछ र मुख्य वजारक्षेत्रहरुमा Smart Street Light को व्यवस्था गरिनेछ।
- सगरमाथा विमानस्थल निर्माणको लागि आवश्यक सहयोग एवम् सकृयता गरिनेछ ।

## ३.२ सिंचाई

- कृषियोग्य जमिनको उत्पादन र उत्पादकत्व वृद्धिको लागि साना सिंचाई कार्यक्रम संचालन गरिनेछ ।
- नगरभित्र पानीका श्रोतहरूको पहिचान गरी पोर्टेवल वाटर पम्पको व्यवस्था गरी सिंचाई सुविधा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।
- डिप बोरिंग मार्फत खेतीयोग्य जमिनमा सिंचाई उपलव्ध गराउन कृषि विद्युतीकरणलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ । यसका लागि विद्युत प्राधिकरण कार्यालयसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

## ३.३ भवन तथा शहरी विकास

**"सुरक्षित आवास त्रियुगा नगरः बसौंबसौं लाग्ने गाउँ र शहर"**

- नगर क्षेत्रमा घरनक्सा डिजाइन, ड्रइङ्ग पेशामा आवद्ध कन्सल्टेन्सी फर्म तथा प्राविधिकलाई दर्ता, सूचिकरण तथा नविकरण हुने व्यवस्था मिलाईनेछ ।
- घरनक्सा डिजाईन, ड्रइङ्ग वापत सेवाग्राहीसँग कन्सल्टेन्सीले लिने शुल्कमा एकरुपता ल्याउने व्यवस्था मिलाईनेछ ।

- नक्सा पास तथा अभिलेखिकरण प्रकृयालाई प्रभावकारी तथा पारदर्शिता बनाउनलाई Building Permit System Software सञ्चालनमा ल्याउने व्यवस्था मिलाईनेछ ।
- निजी तथा सार्वजनिक भवन निर्माणको अनिवार्य नक्सा पास गरी मापदण्ड अनुसार भुकम्प प्रतिरोधी घर निर्माणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- भू-उपयोग नीति योजना तर्जुमा गरी कृषियोग्य जमिनमा हुने बस्ती विकासलाई निरूत्साहित गरी व्यवस्थित बस्ती विकास कार्यक्रम सचालन गरिनेछ ।
- भूमिहिन दलित, अव्यवस्थित वसोवासी तथा सुकुम्वासीको पहिचान गरी निजहरुले भोगचलन गरेको जग्गाको नाप नक्शा, अभिलेखाङ्कन गरी व्यवस्थापनको कार्यक्रम सचालन गरिनेछ ।
- नागरिकको लागि सुरक्षित आवास उपलब्ध गराउन नगरक्षेत्र भित्र रहेका फुसका छाना भएका सबै घरहरुलाई जस्ता पाता उपलब्ध गराई फुसको छाना विस्तापित गर्दै लगिनेछ।
- अति गरिव, सीमान्तकृत समुदायको आवासको लागि सम्वन्धित संस्थाहरुसंग (Habitat for Nepal) सहकार्य र लागत साझेदारीमा सुरक्षित घर निर्माण कार्यलाई निरन्तरता दिईनछ ।
- नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजी, सार्वजनिक तथा सरकारी भवनहरू नगरपालिकाको इजाजत प्राप्त गरी मात्र निर्माण हुने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ।
- वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा राष्ट्रिय भवन संहिता, २०७० लाई पूर्णतः पालना गराइनेछ ।
- भवन निर्माण नक्सा पास गर्दा एक घर न्यूनतम एक चर्पी, दुई विरूवा रोप्ने र भवन सम्पन्नताको प्रमाणपत्र दिंदा सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरू हटाएपछि मात्र प्रमाणपत्र उपलब्ध गराइने व्यवस्था लागू गरिनेछ ।
- मापदण्ड पुरा नभएका साविक निर्माण भई सकेका भवनहरूलाई नगरकार्यपालिकाको वैठकबाट आवश्यक प्रकृया तोकी अभिलेखिकरण गर्ने व्यवस्था मिलाईनेछ ।
- स्थानीय स्तरमा भवन तथा पूर्वाधार निर्माण कार्यमा आवद्ध जनशक्तिहरुको सीप र क्षमता विकासको लागि भवन निर्माण तथा पूर्वाधार निर्माण सम्बन्धी आधारभूत तालिम प्रदान गरिनेछ। (ETAB, SAP र Smart Road आदि)
- GIS Mapping गरी नगर भित्र रहेका स्रोतसाधनहरुको दुरुस्त अभिलेखिकरण गरिनेछ ।

- नगरपालिकाको प्रशासनीक भवन निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गरिनेछ । साथै, वडा कार्यालयको भवन बन्न बाँकी रहेका वडा भवन निर्माणलाई निरन्तरता दिईनेछ ।
- आ.व. २०७४।७५ मा त्रियुगा नगरपालिकाबाट तयार गरिएको घरनक्सा सम्बन्धि नगरपालिका मापदण्डमा ९० वर्ग मिटर (५.३२ धुर) पुगेका घडेरीहरुलाईमात्र घर निर्माण ईजाजत दिने व्यवस्था रहेकोमा राष्ट्रिय संहितासँग नबाझिने गरी यस नगरक्षेत्र भित्र रहेका क्षेत्रफल बढन् नसक्ने जग्गाहरुमा निर्माण ईजाजत दिने सन्दर्भमा नक्शा पास ईजाजतमा सहजिकरण गर्दै लगिनेछ ।
- पहिलेनै कित्ताकाट भईआएका ६ मिटर भन्दा कम चौढाई भएका जग्गाको नक्शा पास गर्ने सम्बन्धमा राष्ट्रिय नीतिमा नबाझिने गरी सहजिकरण गरिनेछ ।
- नक्शामा बाटोको लगत कट्टा नभएको तर फिल्डमा चलनचल्तीको बाटो भएको जग्गामा उक्त बाटो चलनचल्तिमा रहेको भनी वडाबाट एकिन साथ सिफारिश भई आएमा नक्शा पास गर्ने व्यवस्था मिलाईनेछ ।
- सडक पेटिहरुमा अनाधिकृतरुपमा रहेका घर टहरा तथा तरकारी व्यवसायलाई कडाईका साथ हटाई पैदल यात्रीको आवगमनलाई सहज बनाउदै लगिनेछ ।
- नगरक्षेत्र भित्र रहेका साविकका पुराना डगर तथा कुलोहरुको पहिचान गरी संरक्षण गर्ने नीति लिईनेछ ।

## ४. वन, वातावरण तथा विपद व्यवस्थापन

**"स्वच्छ र स्वस्थ त्रियुगा नगरः विपद व्यवस्थापनमा हाम्रो जाँगर"**

### ४.१ वन तथा भुसंरक्षण

- **"जलवायु अनुकलन र विपद व्यवस्थापनःसार्वजनिक निर्माणमा वातावरणीय सन्तुलन"** भन्ने नारा अनुरुप नगरपालिकाबाट सञ्चालित सडक निर्माण योजनामा वृक्षारोपण कार्यक्रम सचालन गरिनेछ।
- सडक क्षेत्र, सार्वजनिक स्थल, नदी किनार लगायतका क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।
- त्रियुगा नगरलाई हरित नगरीको रूपमा विकास गर्न एक नागरिक एक फलफूलको विरूवा रोप्ने कार्यको लागि सम्पूर्ण नगरवासीहरुलाई आव्हान गरिनेछ ।
- नगरपालिकाले पानीको श्रोतको सदुपयोग गरी भैरहेको पोखरी, तालहरूमा माछापालन गर्ने तथा इच्छुक कृषक तथा फार्महरू परिचालन गरी मत्स्य पालनलाई बढावा दिइनेछ।

- सामुदायिक वन क्षेत्रबाट प्राप्त आम्दानीलाई स्थानीय वन विकासमा लगानी गर्न र स्थानीय स्तरको विकासको लागि प्रेरित गरिनेछ ।
- नगर भित्रको राष्ट्रिय वन, सामुदायिक वन संरक्षण र सामुदायिक वन व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी खाली प्रति जग्गामा वृक्षारोपण गरी हरियाली नगर बनाउन कार्यक्रम सचालन गरिनेछ ।
- त्रियुगा र बरुवाको जलाधार क्षेत्र साथै त्रियुगा नदीमा मिसिने महाभारत र चुरेबाट उत्पत्ति भएका सम्पूर्ण खोला र खहरेहरुको जलाधार संरक्षण र नदी नियन्त्रणको लागि त्रियुगा क्षेत्र जलाधार संरक्षण र नदी नियन्त्रण प्याकेज बनाई भू तथा जलाधार संरक्षण कार्यलाई राष्ट्रपति चुरे संरक्षण आयोजना र नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यालयसँग सहकार्य गरिनेछ।

## ४.२ विपद व्यवस्थापन

- नगरस्तरीय विपद व्यवस्थापन योजना तयार गरी स्थानीय विपद व्यवस्थापन कोषमा वजेटको व्यवस्था गरी विपदहरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनरलाभका कार्यक्रम संचालन गर्न गरिनेछ ।
- पूर्वाधार विकासका योजनाहरु संचालन गर्दा विपद जोखिम संवेदनशीलतालाई ध्यान दिई विपद जोखिम न्यूनीकरणका उपायहरुको अवलम्वन गरिनेछ।
- सम्भावित प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाउँमा बाँध, तटवन्ध, पुल तथा निकासहरूको उचित व्यवस्थापन गरिनेछ ।
- विकासबाट हुन सक्ने विनासलाई न्यूनिकरण गरी विकासलाई दिगो वनाउन अधिकतम रूपमा श्रममुलक प्रविधिमा जोड दिइनेछ ।
- विपदको समयमा आपतकालिन उद्धारको लागि खुला सार्वजनिक स्थानको पहिचान गरी आपतकालिन आश्रयस्थलको रूपमा विकास गरिनेछ । आपतकालिन समयमा आवश्यक हुने औषधोपचार, खाद्यान्न, पानी, भाडावर्तन, लत्ताकपडा जस्ता राहतका सामग्रीहरुको व्यवस्था र उद्दार कार्यको लागि उद्योग वाणिज्य सघ, नेपाल रेडक्रस सोसाईटी, अस्पत्ताल, स्वास्थकर्मी, सुरक्षा निकायहरु, सरकारी कार्यालयहरु, स्थानीय व्यापारी, नागरुक समाज र संघ/संस्थासंगको समन्वय र सहकार्यलाई प्रभावकारी वनाईनेछ ।
- विपदवाट हुनसक्ने क्षतिको तत्काल उद्दार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्रीहरुको पहिचान गरी सोको व्यवस्थापन मिलाईनेछ ।

- चुरे पहाडबाट उत्पति भएका खोला, नदी, नालाहरूबाट वर्षातको समयमा आउने सक्ने भेल बाढीबाट हुने क्षति र कटान रोक्नको लागि नदी नियन्त्रण कार्यक्रम संचालन गरिनेछ । यसका लागि संघ तथा प्रदेश सरकारसंग समेत आवश्यक बजेटको व्यवस्थाका लागि पहल गरिनेछ ।
- विद्यालय स्तरमा विपद् व्यवस्थापनको रणनिति तर्जुमा गरिनेछ ।
- जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन गर्न दक्ष जनशक्तिको विकास गर्न तालिम, गोष्ठी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- एम्बुलेन्स, दमकल, जस्ता सेवालाई चौबीसै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्ने व्यवस्था मिलाईनेछ ।

## ४.३ फोहोरमैला व्यवस्थापन

- नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्न निजी क्षेत्रसँग समन्वय सहकार्य गरी व्यवस्थित गरिनेछ । फोहोरमैला व्यवस्थापनका लागि फूलजोरमा डम्पिंग साईटको पहिचान गरी निर्माण गरिनेछ । प्रत्येक वडामा वडाको फोहोर विर्सजनका लागि उपयुक्त स्थल व्यवस्थापन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रूपमा शौचालय र सेफ्टीट्यांकी निर्माण गर्नुपर्ने व्यवस्था लागू गरिनेछ ।
- सार्वजनिक स्थलमा छाडिएका छाडा पशु,चौपायहरुलाई कान्जी हाउस निर्माण गरी राख्ने व्यवस्था मिलाईनेछ।
- नगरलाई सरसफाईयुक्त वनाउन निजी क्षेत्रसंगको साँझेदारीमा विशेष कार्यक्रमहरू संचालन गरिनेछ ।
- सार्वजनिक स्थलमा सार्वजनिक शौचालयहरू निर्माण गरी नियमित सरसफाईको व्यवस्था मिलाईनेछ ।

## ४.४ जैविक विविधता तथा जलाधार संरक्षण

- ढुंगा, गिटी बालुवा, नदीजन्य सामग्रीहरु एव  खानीजन्य सामग्रीहरुको श्रोतको पहिचान गरी वातावरणीय अध्ययन परीक्षण गरी प्रतिवेदनले तोकेको परिमाणमा मात्र उत्खनन गर्ने व्यवस्था मिलाइनेछ ।
- पानीको श्रोत, मुहान, पोखरी, तलाउ, चप्पन, परेवाखोप र रुपनी लगायतका सिमसार क्षेत्र तथा जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।
- वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याइनेछ।
- त्रियुगा र बरुवाको जलाधार क्षेत्र साथै त्रियुगा नदीमा मिसिने महाभारत र चुरेबाट उत्पति भएका लुवाले, वविया लगायत सम्पूर्ण खोला र खहरेहरुको जलाधार संरक्षण, तटवाँध तथा नदी नियन्त्रणका लागि "त्रियुगा क्षेत्र जलाधार संरक्षण र नदी नियन्त्रण" प्याकेज बनाई भू-तथा जलाधार, राष्ट्रपति चुरे संरक्षण र नयाँ प्रविधि कार्यक्रम/आयोजनाहरुसंग सहकार्य गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### ५.१ क्षमता विकास र सेवा प्रवाह

- त्रियुगा नगरपालिकाको तीन वर्षिय आवधिक क्षमता विकास योजना बमोजिमका गतिविधिहरू मार्फत् जनप्रतिनीधिहरू र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी नगरपालिकाबाट प्रदान हुने सेवाहरूलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही, नियमित, मितव्ययी बनाईनेछ ।
- सुशासनलाई प्रत्याभूत गर्ने सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैंगिक उत्तरदायी बजेट निर्माण र विश्लेषण जस्ता विधिहरुको अवलम्वन गरिनेछ ।
- नागरिकहरुको सूचना पाउने हकलाई सुनिश्चित गर्दै खुल्ला सरकारको अवधारणा अगाढि बढाईनेछ ।
- विगत लामो समयदेखि साविक स्थानीय निकाय र समायोजन भई आएका नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई कोशी प्रदेश सरकारबाट “स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" बमोजिम तह वृद्दीको कार्यबिधि तर्जुमा भईसकेकोले कार्यबिधि बमोजिम कर्मचारीहरुको तह वा स्तर वृद्धि गरिनेछ ।
- योजना निर्माणको चरणमा वालवालिकाहरू, युवाहरु, वृद्धावृद्धा लगायत सवै पक्षको सहभागिताको सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।
- बस्ति/टोलको समग्र विकास प्रकृयामा सार्थक परिचालन र योगदानका लागि टोल विकास संस्थाहरुलाई व्यवस्थापकीय एवं संस्थागत क्षमता विकास गरिनेछ ।
- उत्कृष्ट काम गर्ने टोल विकास समिति/उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा  विषगत शाखा वा एकाइको सेवा प्रवाहलाई सूचना, प्रविधिमैत्री चुस्त, दुरुस्त एव छिटो छरितो सेवा प्रवाह हुने व्यवस्था मिलाईनेछ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही, पारदर्शी, नागरिकप्रति उत्तरदायी, सेवामूलक तथा विकासमैत्री बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
- राजश्व तिर्ने, गुनासो गर्ने, घरनक्सा पास गर्ने, घटना दर्ता गर्ने, नगरपालिकाको गतिविधिहरु, सूचनाहरु तथा सामाजिक सुरक्षा सम्बन्धी जानकारी लगायतको विषयहरु अनलाइन प्रविधि मार्फत सेवा उपलव्ध गराई घरघरमा नगरपालिकाको सुविधा पुऱ्याईनेछ ।

- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै वेरुजु फछ्र्यौटलाई अभियानको रुपमा संचालन गरिनेछ ।

## ५.२ सञ्चार, सूचना र प्रविधी

- नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारको सेवा सुबिधाहरुलाई क्रमशः सफ्टवेयर प्रणाली तथा बिद्युतीय माध्यमबाट संचालन गर्दै लगिने छ ।
- नगरका मुख्य क्षेत्रमा डिजिटल वोर्ड जडान गरी नगरपालिकाका गतिविधिहरु प्रशारण गरिनेछ।
- राजश्व तथा कर संकलनको लागि विद्युतीय प्रणाली स्थापना गरी अनलाईन कर भुक्तानी प्रणाली सुचारु गरिनेछ ।
- नागरिकहरुको डिजिटल प्रोफाईल तयार गरिनेछ ।
- नगरपालिका कार्यालय तथा सवै वडालाई Intra-Networking गरि Server management को ब्यबस्थापन गरिनेछ । साथै नगरका सबै विद्यालय र स्वास्थय संस्थाहरुमा ईन्टरनेट सुविधा पु¥याईनेछ ।
- सूचना तथा संचार प्रविधिको उपयोग, बिकास र बिस्तार गर्दै सार्वजनिक सेवालाई खुला,पारदर्शी र जवाफदेहि बनाउने नीतिको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- नगरक्षेत्रका मुख्य स्थानहरुमा फ्रि वाईफाईको व्यवस्थालाई निरन्तरता र अन्य सार्वजनिक स्थलहरुमा थप विस्तार गरिनेछ ।
- अनलाईन प्रणाली मार्फत गुनासो दर्ता र सोको फछ्र्यौटको जानकारी दिने ब्यबस्थाको बिकास गरिनेछ।
- त्रियुगा नगरपालिका भित्र स्थापना भई संचालनमा रहेका रेडियो, एफएम, पत्रपत्रिका र अनलाईन खबरहरुसंग सहकार्य गरी नगरका गतिबिधिहरूलाई चुस्त, दुरुस्त र सहज बनाईनेछ ।
- त्रियुगा नगरपालिकाको विकासकार्य खोज र अनुसन्धान र नागरिकलाई सूचना तथा समाचार सहज रुपमा उपलब्ध गराउनको लागि स्थानीय पत्रकारहरुलाई प्रोत्साहन एवम् प्रवर्धन गरिनेछ।

## ५.३ न्यायिक समिति

- न्यायिक समितिले कानून वमोजिमको विवादहरूमा न्यायिक निरूपण गर्दा दुवै पक्षलाई सहमतीमा मिलापत्र गराई जीत जीतको मूल्यमान्यतालाई प्रोत्साहन गरिनेछ ।

- न्यायिक समितिलाई प्रभावकारी बनाउनका लागि त्यस समितिका सदस्यहरूलाई न्यूनतम पुर्पक्ष र कार्यविधि एवं अधिकारको अनुशिक्षण तालिमको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको व्यवस्थापनको लागि नगरपालिकाले छुट्टै कानूनी शाखा र कानून अधिकृत/कानून विज्ञ तथा उजुरी शाखा व्यवस्था गरी न्याय सम्पादनलाई प्रभावकारी वनाईनेछ।
- न्यायिक समितिको पदाधिकारीको क्षमता अभिवृद्धि गरिनेछ ।साथै प्रत्येक वडामा सामुदायिक मेलमिलाप समिति गठन गरी सामुदायिक मेलमिलापकर्ताहरूलाई तालिमको व्यवस्था मिलाईने छ ।

## ५.३ शान्ति सुरक्षा

- नगर भित्रको सार्वजनिक आवगमन सहज गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रदर्शनीलाई व्यवस्थापन गर्न नगर प्रहरी परिचालन गर्नुको साथै स्थानीय सुरक्षा निकायसँगको समन्वयलाई प्रभावकारी वनाईनेछ ।
- बढी अपराध हुने तथा दुर्घटना घट्ने ठाउँहरू पहिचान गरी उक्त स्थानहरूमा विशेष निगरानीको व्यवस्था मिलाईनेछ । नगरका मुख्य मुख्य स्थान, चौक तथा सबै वडाका मुख्य स्थानमा र धार्मिक ऐतिहासिक स्थलहरूमा सि.सि.क्यामरा जडान गरी सुरक्षा निकायसंगको समन्वयमा प्रभावकारी निगरानी हुने व्यवस्था मिलाईनेछ ।
- सबै प्रकारका लागू औषध तथा दुर्व्यसनी र मादक पदार्थ सेवनलाई निरूत्साहित गर्ने जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।साथै पूनर्स्थापित केन्द्र संचालन गर्ने संस्थाहरुसंग साझेदारीमा पुनर्स्थापन कार्यक्रम संचालन गरिनेछ ।
- शैक्षिक, ऐतिहासिक, धार्मिक स्थलहरूको आसपासमा मादक पदार्थ तथा सूर्तिजन्य पदार्थहरूको विक्री वितरण र सेवनलाई निरूत्साहित गरी रोक लगाइनेछ ।

## ५.६ राजश्व परिचालन

- चालु आ.व.मा आन्तरिक आयको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको छ ।उक्त अध्ययन बमोजिम करका दरलाई फराकिलो बनाइ आन्तरिक आय .... प्रतिशत वृद्धी गरिनेछ । सम्वन्धित वडा कार्यालयवाटै एकीकृत सम्पति कर संकलन गर्ने व्यवस्था मिलाईनेछ ।
- विभिन्न किसिमका व्यापार व्यवसाय गर्ने व्यवसायीहरुलाई करदाता शिक्षा उपलब्ध गराई स्वंय कर तिर्नमा उत्प्रेरणा जगाई सम्पुर्ण व्यवसायीहरुलाई करको दायरामा ल्याईने प्रवन्ध मिलाईनेछ।

- वित्तीय सेवा उपलब्ध गराउने संस्थाहरुको वार्षिक शुल्कमा सामान्य परिमार्जन गरिएकोछ ।
- घुम्ती व्यवसायीहरुको हकमा उद्योग वाणिज्य संघबाट अनुमति लिएरमात्र व्यवसाय गर्ने व्यवस्था मिलाईनेछ । वाह्य जिल्लाबाट आई व्यवसाय दर्ता नगरी व्यवसाय गर्नेहरुको हकमा उद्योग वाणिज्य संघसँगको साझेदारीमा रु. १,००,०००।- (एक लाख) सम्मको व्यवसाय गर्ने पटके व्यापारीहरुवाट दैनिक रु ५००।-व्यावसाय कर असुल गरिनेछ । यसवाट उद्योग वाणिज्य संघले नगरपालिकालाई संकलित रकमको ५०% रकम उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
- ६० वर्ष उमेर पुरा भएका एकल महिला तथा ७० वर्ष उमेर पुरा भएका पुर्ण अशक्त अपाङ्गता भई परिचय पत्र प्राप्त गरेका व्यक्तिहरुलाई सम्वन्धित वडा कार्यालय मार्फत गरिने कुनै पनि किसिमको सिफारिस दस्तुर नलिने व्यवस्था मिलाईनेछ ।
- पार्कीङ शूल्कको दायरा बढाउन गाईघाट बजार, मोतिगडा, जलजले, चुहाडे, राजावास स्थानहरुमा उद्योग बाणिज्य संघ, निर्माण व्यवसायी संघ, यातयात व्यवसायी संघहरूसंग समन्वय र साझेदारीमा सुविधायुक्त र व्यवस्थित पार्किङ स्थलहरु निर्माण गरिनेछ ।
- त्रियुगा नगरपालिकाको कर प्रणालीलाई सुधार गरी सफ्टवेयरको माध्यमवाट कर असुली गर्ने, मोवाईल एप्सको विकास गरी अनलाईवाट कर तिर्ने व्यवस्था मिलाईनेछ ।
- नगरको बजारक्षेत्र भित्रको व्यवसायिक प्रयोजनको लागि भाडामा लगाइएको घरको कोठाको न्यूनतम घरभाडा दर कायम गरी घरबहाल करलाई वैज्ञानिक रुपले व्यवस्थापन गरी घरवहालकर असुल गरिनेछ।
- राजश्वको दायरालाई क्रमश: फराकिलो वनाउने, राजश्वका दरलाई लचकदार वनाई परिमार्जन गर्ने, व्यवसाय र उद्यममैत्री करका दर निर्धारण गर्ने, उद्योग वाणिज्य संघ तथा निजी क्षेत्रसंग साझेदारी गरी आन्तरिक आयलाई वृद्धि गरिनेछ। नगरपालिकालाई नियमित रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ ।

**सभाध्यक्ष महोदय एंव नगरसभाका सदस्यज्यूहरु,**

प्रस्तुत गरेको नीति कार्यान्वयनका लागि कार्यक्रम र बजेट व्यवस्था गरी कार्यान्वयन गरिनेछ र यसबाट त्रियुगावासी जनताको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा उल्लेखनीय बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाह सुधार आई सुशासनको अनुभुति हुने विश्वास लिएको छु ।

अन्त्यमा, यो नीति, कार्यक्रम निर्माण प्रकृयामा महत्वपूर्ण सहयोग गर्नुहुने कार्यपालिका तथा नगरसभा सदस्यज्यूहरु राजश्व परामर्श समितिका सदस्यज्यूहरु, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण अधिकृत तथा कर्मचारी साथीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

त्यसैगरी नीति तर्जुमामा महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने यस जिल्लाबाट प्रतिनिधित्व हुने संघीय संसदका सदस्यज्यूहरु, संविधान सभा सदस्यज्यूहरु, प्रदेश सभाका सदस्यहरु, नगरपालिकाका पूर्व नगर प्रमुखज्यू र उपप्रमुखज्यू, विभिन्न राजनैतिक दलका नेताहरु, उद्योग बाणिज्य संघका पदाधिकारी सदस्यहरु, विज्ञ सल्लाहकारहरु, आदिवासी जनजाती अभियान्ताहरु, महिला संजाल, नगर बालसंजाल, दलित अभियन्ताहरु, नागरिक समाज, पत्रकारबन्धुहरु लगायत अमुल्य सल्लाह र सुझाव दिनुहुने सम्बन्धित सबैमा हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

आगामी आर्थिक वर्षका लागि पेश गरिएको बजेट, नीति तथा कार्यक्रम र सो संग सम्बन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक ढंगले सघन छलफल गरी पारित गरि दिनु हुनेछ भन्ने विश्वासका साथ सम्पूर्ण नगरसभा सदस्यज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

त्रियुगा नगरपालिकाको विकास र समृद्धिमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण राजनीतिक दलहरु, समाजसेवीहरु. वुद्धिजिवीहरु, पूर्वजनप्रतिनिधिहरु, विभिन्न गैर सरकारी संघ-सस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संघ-सस्थाहरु, दातृ निकायहरु, सम्पूर्ण कर्मचारीहरु, सुरक्षा निकायहरु, सम्पूर्ण संचार जगत तथा पत्रकारहरु एवं त्रियुगा नगरवासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि वजेट, नीति तथा कार्यक्रमलाई सफल वनाउनमा समेत यहाँहरुवाट सकारात्मक सहयोग, समन्वय, सहकार्य एवं शुभेच्छा प्राप्त हुने अपेक्षा राख्दै त्रियुगा नगरवासीहरु सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**